नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## खाद्य स्वच्छता तथा गुणस्तर निरिक्षण अनुगमन सम्वन्धि प्रतिवेदन

खाद्य बजार तथा उद्योग निरिक्षण अनुगमन नियमित कार्यका लागि २ वटा खाद्य निरिक्षकहरुको अनुगमन टोलीहरु प्रशोधित पिउने पानी तथा होटल रेष्टुरेन्ट क्यान्टिनमा विक्रि वितरण गरिने खाद्य पदार्थको अनुगमन निरिक्षण कार्यमा परिचालित रहेकोमा मिति २०७९।०४।०१ देखि १५ गते सम्ममा विभागको वार्षिक समिक्षा गोष्ठिको कार्यक्रम रहेकोले विभिन्न दिनमा विभागको अनुगमन टोलीले देहायका ११ वटा प्रशोधित पिउने पानीको उद्योगहरु र १ वटा रेस्टुरेन्टको निरिक्षण अनुगमन गरी खाद्य ऐन नियम बमोजिम जार/बोटलका प्रशोधित पिउने पानीका ४ थान नमूना संकलन गरिनुका साथै ७८ थान पुराना जारहरु र ४ लिटर तेल नष्ट गरेको व्यहोरा अनुरोध गर्दछु ।

### निरीक्षण अनुगमन गरिएका प्रशोधित पिउने पानी उद्योग तथा होटल रेस्टुरेन्टको विवरणः

| क्र.स | मिति | उद्योगको नाम, ठेगाना | निरीक्षण अनुगमन गरिएको विषय | कैफियत |
|---|---|---|---|---|
| १ | ०४/०१/२०७९ | झौखेल उच्च बेभेरेज प्रा.लि., चाँगुनारायण-२, भक्तपुर | अनुज्ञापत्र, प्रशोधनको अवस्था तथा पानीको गुणस्तर | जारमा किरा देखिएको भनि उजुरी आएको हुनाले अनुगमन गर्दा किरा भेटिएको तर म्याद गुज्रिएको भेटियो, पुराना १४ जार नष्ट गरियो र उद्योगबाट पानीको नमूना संकलन गरेको । |
| २ | ०४/०१/२०७९ | एस.एन. टप बेभेरेज प्रा.लि., चाँगुनारायण-२, भक्तपुर | अनुज्ञापत्र, प्रशोधनको अवस्था तथा पानीको गुणस्तर | उद्योगको समग्र अवस्था सन्तोषजनक रहेको भेटियो । |
| ३ | ०४/०१/२०७९ | भक्तपुर न्याचुरल ड्रिकिंग वाटर प्रा.लि., | अनुज्ञापत्र, प्रशोधनको अवस्था | प्रयोग भइरहेको अवस्थाका २३ थान पुराना जार नष्ट गरेको । |

| | | | | |
|---|---|---|---|---|
| | | चाँगुनारायण-२, भक्तपुर | तथा पानीको गुणस्तर | |
| ४ | ०४/०१/२०७९ | ओके मिनरल वाटर प्रा.लि., चाँगुनारायण-३, भक्तपुर | अनुज्ञापत्र, प्रशोधनको अवस्था तथा पानीको गुणस्तर | निर्देशिका बमोजिमका अभिलेखहरु राख्न निर्देशन दिईयो साथै प्रयोग भइरहेको अवस्थाका १८ थान पुराना जार नष्ट गरेको । |
| ५ | ०४/०१/२०७९ | जय छुमा गणेश शुद्ध खानेपानी प्रा.लि., चाँगुनारायण-७, भक्तपुर | अनुज्ञापत्र, प्रशोधनको अवस्था तथा पानीको गुणस्तर | उद्योगको समग्र अवस्था सन्तोषजनक रहेको भेटियो र २० थान पुराना जार नस्ट गरियो । |
| ६ | ०४/०१/२०७९ | जि.आर.ड्रिंकस प्रा.लि., चाँगुनारायण-७, भक्तपुर | अनुज्ञापत्र, प्रशोधनको अवस्था तथा पानीको गुणस्तर | प्रयोग भइरहेको अवस्थाका १२ थान पुराना जार नष्ट गरेको । उद्योगबाट पानीको नमूना संकलन गरियो । |
| ७ | ०४/०५/२०७९ | किम्ची फास्ट फुड एंड रेस्टुरेन्ट, अनामनगर | सरसफाईको अवस्था तथा उत्पादनको गुणस्तर | उजुरीको अधारमा अनुगमन गर्दा सरसफाईको अवस्था संतोषजनक नरहेकाले मुचुल्का उठाएर ३ दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिइएको साथै ४ लिटर तेल खानको लागि अयोग्य देखिएकाले नष्ट गरेको । |
| ८ | ०४/०८/२०७९ | भगवती बेवेरेज उद्योग प्रा.लि., चाल्नाखेल, ललितपुर | अनुज्ञापत्र, प्रशोधनको अवस्था तथा पानीको गुणस्तर | त्रिभुवन विश्वविद्यालयको गर्ल्स होस्टेलमा AQUA ६ ब्रान्डको जारको पानीमा किरा भेटिएको भनि आएको उजुरीको आधारमा अनुगमन गरेकोमा उद्योगको अवस्था संतोषजनक देखिएको र अनुज्ञापत्र नवीकरण भएको । पुराना ३ जार नष्ट गरिनुका साथै खाद्य ऐन २०२३, खाद्य नियमवाली २०२७, बमोजिम बजार पठाउन तयारी गरेर राखेको |

| | | | | |
|---|---|---|---|---|
| | | | | प्रशोधित पानीको नमुना संकलन गरेको । |
| ९ | ०४/११/२०७९ | बुढानिलकण्ठ बेभेरेज प्रा.लि | अनुज्ञापत्र, प्रशोधनको अवस्था तथा पानीको गुणस्तर | पानीमा कीरा देखिएको र थोत्रो पुरानो जार प्रयोग गरेको भनि आएको उजुरीको आधारमा अनुगमन गर्दा उद्योगको समग्र अवस्था सन्तोषजनक पाइएको र खाद्य ऐन नियम बमोजिम प्रशोधित पिउने पानी (जार) को नमूना संकलन गरेको | |
| १० | ०४/१३/२०७९ | समुल ग्रुप इन्डस्ट्रिज, मनमैजु, तर्केश्वोर | अनुज्ञापत्र, प्रशोधनको अवस्था तथा पानीको गुणस्तर | उद्योगको अवस्था सन्तोषजनक पाइएको \| सम्पूर्ण अभिलेखहरु समेत नियमित रुपमा राख्ने गरेको \| |
| ११ | ०४/१३/२०७९ | बेत्रावती ड्रिंकिंग वाटर प्रा.लि., मनमैजु, तर्केश्वोर | अनुज्ञापत्र, प्रशोधनको अवस्था तथा पानीको गुणस्तर | सरसफाई लगायतका अभिलेखहरु नभेटिएकोले निर्देशिका बमोजिमका अभिलेखहरु राख्न निर्देशन दिईएको \| पुराना जारहरु प्रयोग नगर्न निर्देशन दिएको \| |
| १२ | ०४/१३/२०७९ | त्रिशुली मिनरल वाटर, तर्केश्वोर-९ | अनुज्ञापत्र, प्रशोधनको अवस्था तथा पानीको गुणस्तर | उद्योगको समग्र अवस्था सन्तोषजनक भेटिएको \| प्रयोगशाला प्रतिवेदन लगायत सरसफाईका अभिलेखहरु व्यवस्थित रुपमा राखिएको देखियो \| |

मोहन कृष्ण महर्जन
प्रवक्ता
(मो. नं.: ९८५११९६३३३)
२०७९/०४/१७